annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२३, पृष्ठ ८ | काठमाडौं, बिहीबार १९ चैत २०८२ | चैत्र शुक्लपक्ष पूर्णिमा, नेपाल संवत् ११४६ | THURSDAY, APRIL 2, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## एसईईमा नयाँ अभ्यास:

# एक महिनामै नतिजा !

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) आजदेखि देशभर एकैसाथ सुरु हुँदैछ। ५ लाख १२ हजारभन्दा बढी परीक्षार्थी सहभागी एसईई परीक्षालाई व्यवस्थित बनाउँदै राष्ट्रिय परीक्षा बोर्डले यस वर्ष परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण गरी एक महिनाभित्रै नतिजा सार्वजनिक गर्ने तयारी गरेको छ।

**संजीप घिमिरे** | *भक्तपुर*
**किशोर बुढाथोकी** | *विराटनगर*
**मनिका झा** | *जनकपुरधाम*
**क्रान्ति शाह** | *वीरगञ्ज*
**भवानी खड्का** | *दोलखा*
**सरोज पौडेल** | *हेटौंडा*
**कृष्णमणि बराल** | *पोखरा*
**केशरराज क्षेत्री** | *बुटवल*
**विष्णुप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*
**महादेव अवस्थी** | *महेन्द्रनगर*

विस्तृत पृष्ठ २



## नतिजाको हतारोले विद्यार्थीमाथि अन्याय नहोस्

टिप्पणी

**रामकला खड्का**

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) आजदेखि देशभर सुरु हुँदैछ। लामो समयदेखि तयारीमा रहेका विद्यार्थीका मनमा डर र उत्साह दुवै छाएको छ।

यस वर्ष ५ लाख १२ हजार ४ सय २१ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन्। कक्षा १२ विद्यालय शिक्षाको अन्तिम खुडकलो हो, तर व्यवहारत: आज पनि एसईईलाई विद्यार्थी जीवनको महत्त्वपूर्ण परीक्षा मानिन्छ।

यसले विद्यार्थीको आधारभूत ज्ञान, सीप र क्षमता मापन गर्छ। यसलाई उत्तीर्ण गरेपछि मात्र विद्यार्थीले आफ्नो करियरको बाटो पहिल्याउँछन्। विज्ञान पढ्ने कि व्यवस्थापन, मानविकीतर्फ लाग्ने कि प्राविधिक धार समात्ने भन्ने कुराको छनोट प्राय: विद्यार्थीले एसईईको नतिजा हेरेरै निर्धारण गर्छन्। त्यसैले पनि एसईई उच्च शिक्षाको प्रवेशद्वार हो भने यसले भविष्यको अध्ययन दिशानिर्देश गर्छ।

नेपाली समाजमा एसईईलाई अझै पनि 'फलामको ढोका' पार गर्नु सरह मानिन्छ। यसो भन्नुको पछाडि गहिरो मनोविज्ञान जोडिएको छ। सामाजिक र शैक्षिक कारणहरू पनि त्यत्तिकै छन्। 'एसईई गाह्रो हुन्छ' भन्दै परीक्षाको हाउगुजी सानैदेखि विद्यार्थीको मानसपटलमा घुसाइएको हुन्छ। 'यो परीक्षा बिग्रिए जीवन नै बर्बाद हुन्छ' भन्ने मनोविज्ञान विद्यार्थीमा मात्र होइन, अभिभावकमा पनि हुन्छ। त्यसैले पनि यसलाई 'फलामको ढोका' जस्तै पार गर्न ठूलो चुनौती मानिएको हो।

एसईईको नतिजालाई विद्यार्थीको क्षमता मात्र नभई परिवारको प्रतिष्ठासँग जोडेर हेर्ने गरिन्छ। छिमेकी, आफन्त र समाजले विद्यार्थीको अंक वा ग्रेडलाई अझै निकै चासो दिन्छन्। यसले गर्दा पनि विद्यार्थीमाथि एउटा ठूलो मानसिक बोझ थोपरिएको हुन्छ। ग्रेडिङ प्रणाली लागू भएयता विद्यार्थीमा 'फेल' हुने डर कम भएको छ। समयसँगै केही परिवर्तन आए तापनि एसईई पनि अन्य परीक्षा सरह हो भनेर सहज रूपमा लिने परिपाटी अझै विकास हुन सकेको छैन।

परीक्षाको तयारीका क्रममा विद्यार्थीमा लामो समयदेखि त्रास र तनावको भावना उत्पन्न हुन्छ। योसँगै परीक्षामा उत्कृष्ट जीपीए ल्याएर सुन्दर भविष्यको गोरेटोमा लम्कने उत्साह र सपना पनि धेरैले बुनेका हुन्छन्। विद्यार्थीका यिनै भावनालाई व्यवस्थापन गर्दै उनीहरूको डर-त्रासलाई प्रेरणामा र उत्साहलाई सफलतामा परिणत गराउने वातावरण अभिभावक एवं विद्यालयले बनाइदिनुपर्छ।

परीक्षाको तयारीले विद्यार्थीमा मेहनत गर्ने बानी, समय व्यवस्थापन र आत्मविश्वास बढाउँछ। यो सीप उनीहरूलाई जीवनभर उपयोगी हुन्छ। सधैं आफ्नै विद्यालयका साथीभाइमाझ मात्र परीक्षा दिने गरेका विद्यार्थीमा यस परीक्षाले प्रतिस्पर्धात्मक क्षमता विकास गर्छ। जसले गर्दा भविष्यका अन्य व्यावहारिक र सैद्धान्तिक परीक्षाहरूमा पनि उनीहरूले सहजै सफलता पाउन सक्छन्।

यस वर्षको परीक्षा सुरु हुनु केही दिनअघि मात्र देशमा नयाँ सरकार गठन भएको छ। प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको नयाँ सरकारले शिक्षा क्षेत्रमा केही सकारात्मक सुधारको पहलकदमी गरेको देखिन्छ।

» बाँकी पृष्ठ ६

## कांग्रेस-एमालेमा गडबड

# सुहाङलाई रोकियो, बादललाई अवसरका 'खात'



सुहाङलाई रोक्न महासचिव शंकर पोखरेलको 'महत्त्वपूर्ण भूमिका'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

३६ वर्षीय सुहाङ नेम्बाङले जब एमाले संसदीय दलको नेतामा दाबी गरे, एमालेजनमा आशाको रक्तसञ्चार भयो। सामाजिक सञ्जालदेखि सञ्चारमाध्यममा सुहाङ छाए। एमाले संसदीय दलको बैठक स्थल च्यासलमा बुधबार एकाएक युवा, विद्यार्थी नेताहरूको बाक्लो उपस्थिति छायो। तर, सुहाङलाई दलको नेताको उम्मेदवार बन्न एमाले संस्थापन पक्ष तगारो बन्यो। समर्थक र प्रस्तावक पनि नपाएपछि सुहाङ उम्मेदवार बन्न पाएनन्।

माओवादी पृष्ठभूमिका रामबहादुर थापा 'बादल'लाई सर्वसम्मत संसदीय दलको नेता घोषणा गरियो। सुहाङको प्रस्तावक र समर्थकमा नबस्न पार्टी महासचिव शंकर पोखरेलले 'महत्त्वपूर्ण भूमिका' निर्वाह गरेको भन्दै एमाले नेताहरूले असन्तुष्टि पोखेका छन्।

» बाँकी पृष्ठ ३

# खड्कालाई सचेत, ५०७ लाई स्पष्टीकरण

**राधा खनाल** | *काठमाडौं*

विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेसको अनुशासन आयोगले पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई 'सचेत' गराउँदै ५ सय ७ जनासँग स्पष्टीकरण सोधेको छ।

पूर्वगृहमन्त्री एवं कांग्रेस नेता रमेश लेखकको पक्राउको विरोधमा खड्काले कार्यवाहकको हैसियतमा विज्ञप्ति प्रकाशित गरेपछि अनुशासन आयोगले 'अनधिकृत वक्तव्य' निकालेको भन्दै खड्कालाई सचेत गराउने निर्णय गरेको हो। 'विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरूमा नेपाली कांग्रेसको नक्कली लेटरप्याड बनाएर प्रयोग गरी आफूसँग नभएको जिम्मेवारी उल्लेख गर्दै आफू पार्टीको जिम्मेवारीमा छु भनी ०८२ चैत १४ गते अनधिकृत वक्तव्य जारी गर्ने कार्य गलत भएकाले सचेत गराइन्छ,' अनुशासन आयोगका संयोजक तारामान गुरुङले भने।

आगामी दिनमा पनि अनुशासन उल्लंघन गरे खड्कालाई कारबाही गरिने समिति संयोजक गुरुङले बताए। 'अब उप्रान्त यस किसिमको गलत काम गर्ने जो कोही व्यक्तिउपर नेपाली कांग्रेसको विधान, २०१७ संशोधनसहित र प्रचलित नेपाल कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने निर्णय गर्दछ,' आयोगको निर्णयमा उल्लेख छ। आयोगका संयोजक गुरुङले फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा



निर्वाचनमा कांग्रेस उम्मेदवारको विपक्षमा उभिएका पार्टीका ५ सय ७ जनाविरुद्ध उजुरी परेको र उनीहरूलाई स्पष्टीकरण सोध्ने निर्णय भएको जानकारी दिए। पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिएका, बागीको समर्थक र प्रस्तावक बसेकाहरूलाई कारबाहीका लागि उजुरी परेको गुरुङले बताए।

उनका अनुसार निर्वाचनमा पार्टीका उम्मेदवारविरुद्ध प्रचार-प्रसारमा लागेका र पार्टीका उम्मेदवारको विरुद्धमा लागेर विपक्षीलाई टेवा पुर्‍याएकाहरूमाथि पनि उजुरी परेका छन्।

» बाँकी पृष्ठ ३

## संसद् अधिवेशन आजबाट, सभामुख निर्वाचन चैत २२

**काठमाडौं** (अन्नपूर्ण) : संघीय संसद्का दुवै सदनको बैठक बिहीबार बस्दैछन्। राष्ट्रपति रामचन्द्र पौडेलले बिहीबार २ बजे नयाँ संसद् भवन सिंहदरबारमा बस्ने गरी दुवै सदनको बैठक आह्वान गरेका थिए। जेन-जी आन्दोलनपछि निर्वाचित प्रतिनिधिसभाको पहिलो बैठकको अध्यक्षता ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले गर्ने छन्। बुधबार बसेको सर्वदलीय बैठकले सभामुख निर्वाचनको मिति तय गरेको छ। चैत २० गते सभामुख पदका लागि उम्मेदवार मनोनयन गर्ने र २२ गते निर्वाचन गर्ने तय भएको रास्वपा महामन्त्री कबीन्द्र बुर्लाकोटीले जानकारी दिए। संसद् सचिवालयले पहिलो बैठकको सम्भावित कार्यसूची पनि सार्वजनिक गरेको छ।

» बाँकी पृष्ठ ६

# 'सपना श्रीमान'को काँधमा सर्वोच्च जिम्मेवारी

**दिनेश गौतम** | *काठमाडौं*

दुई दशकअघि उनी कालोकोट र सारी पहिरिएर सर्वोच्च अदालत पुग्थिन्। सार्वजनिक सरोकार (पब्लिक इन्ट्रेस्ट लिटिगेसन) का मुद्दामा बहस पैरवी गर्थिन्। अहिले पनि उनी सर्वोच्च अदालत मै हुन्छिन्। तर, फरक जिम्मेवारीमा।

युवा अस्थामा कानुन व्यवसायीका रूपमा अड्डा अदालतका बेन्च सामुन्ने खडा हुन्थिन्। अहिले उनको भूमिका फेरिएको छ। बहस सुन्ने र फैसला गर्ने सीमित जिम्मेवारी झन् फराकिलो भएको छ। बुधबारदेखि झन् ठूलो जिम्मेवारी थपिएको छ- त्यो हो कायममुकायम प्रधानन्यायाधीश। सर्वोच्चसँगै मातहतका अदालत, विशिष्टीकृत अदालत तथा अन्य न्यायिक निकायहरूको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी 'सपना श्रीमान'कै काँधमा आएको छ। प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्मा सदस्यका रूपमा सपनाले प्रतिनिधित्व गर्ने छिन्।

न्यायपरिषद्ले वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लसहित न्यायाधीशहरू कुमार रेग्मी, हरि फुँयाल, डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरिसकेको छ। सर्वोच्चको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीशको पदमा नियुक्त हुन योग्य मानिन्छ। सोहीअनुसार उम्मेदवारको रोष्टरको रूपमा नाम पेस भए पनि वरिष्ठतमलाई पूर्ण जिम्मेवारी दिइँदै आएको न्यायिक प्रचलन छ।

परिषद्ले कायममुकायम प्रधानन्यायाधीश सपनालाई नै सिफारिस गरेमा नियुक्तिपूर्व संसदीय सुनुवाइ हुनेछ। संसदीय सुनुवाइबाट अनुमोदन भएमा मल्ललाई झन्डै साढे तीन वर्ष न्यायालयको नेतृत्व



सम्हाल्ने ऐतिहासिक अवसर प्राप्त हुनेछ। ६२ वर्षीया मल्ल कानुन व्यवसायीको पृष्ठभूमिबाट सर्वोच्चको न्यायाधीशमा नियुक्त भएकी हुन्।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत ६५ वर्ष उमेर हदका कारण सेवा निवृत्त भएका छन्। २०७३ साउन १६ गते संसदीय सुनुवाइ समितिले सेवा निवृत्त राउतसँगै सपनालाई पनि एकैदिन सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको थियो। सिफारिस सूचीको सबभन्दा अन्तिममा परे पनि मल्लले पछिल्लो चार वर्ष न्यायपालिकाको नेतृत्व गर्ने अवसर प्राप्त भएको छ।

संसदीय सुनुवाइबाट अनुमोदन भएमा दोस्रो महिला प्रधानन्यायाधीशको इतिहास रच्ने छिन्। २००८ सालमा सर्वोच्च अदालत (तत्कालीन समयमा प्रधान न्यायालय) स्थापना भएयता पहिलो महिला प्रधानन्यायाधीशका रूपमा सुशीला कार्कीको नाम अंकित छ। मुलुकको ३३औं प्रधानन्यायाधीश हुनका लागि सपनाले संसदीय सुनुवाइ पार गर्नुपर्नेछ।

२०२० साल कात्तिक २९ गते जन्मिएकी सपना ९ वर्षअघि सर्वोच्च अदालतमा न्यायाधीश भएकी थिइन्। तत्कालीन प्रधानन्यायाधीश एवं न्यायपरिषद् अध्यक्ष सुशीला कार्कीको कार्यकालमा सर्वोच्चको न्यायाधीशमा सिफारिस भएकी हुन्। न्यायाधीशमा सिफारिस हुनुअघि उनी वरिष्ठ अधिवक्ताको रूपमा क्रियाशील थिइन्। २०६५ वैशाखदेखि ४ वर्षसम्म उनी संविधानसभा सदस्य थिइन्।

सामाजिक एवं अधिकारका मुद्दा मामिलाका बहस पैरवी गर्ने सपनालाई न्यायिकवृत्तमा प्राज्ञिक न्यायाधीशका रूपमा समेत लिइन्छ। २०४३ सालमा त्रिभुवन विश्वविद्यालय, नेपाल ल क्याम्पसबाट उनले बीएल गरेकी छिन्।

» बाँकी पृष्ठ ३